# नेपाल राष्ट्र बैंक

# बैंक तथा वित्तीय संस्थाको

# शीघ्र सुधारात्मक कारवाही सम्वन्धी विनियमावली, २०६४

(संशोधन, २०७२ सहित)

नेपाल राष्ट्र बैंक

केन्द्रीय कार्यालय

बैंक सुपरिवेक्षण विभाग

२०६४

(मिति २०६८ चैत १४ गते बसेको संचालक समितिको ४५/२०६८ औं, मिति २०६९ बैशाख ५ गते बसेको संचालक समितिको १/२०६९ औं र मिति २०७२ पुस ८ गते बसेको ६१/२०७२ औं बैठकद्वारा गरिएको संशोधन सहित)

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्थाको शिघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०६४

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ११० को उपदफा (२) को खण्ड (ण) ले दिएको अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैंकको सञ्चालक समितिले देहायका विनियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी विनियमहरुको नाम "नेपाल राष्ट्र बैंक बैंक तथा वित्तीय संस्थाको शिघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०६४" रहेको छ ।

(२) यो विनियमावली २०६५ कार्तिक १ गतेदेखि लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियमावलीमा,–

(क) "ऐन" भन्नाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ सम्झनु पर्छ ।

(ख) "राष्ट्र बैंक" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैंक सम्झनु पर्छ ।

(ग) "समिति" भन्नाले ऐनको दफा १४ बमोजिम गठन भएको बैंकको सञ्चालक समिति सम्झनु पर्छ ।

(घ) "गभर्नर" भन्नाले ऐनको दफा १५ बमोजिम नियुक्त बैंकको गभर्नर सम्झनु पर्छ र सो शब्दले ऐनको दफा २७ बमोजिम कायम मुकायम मुकरर भएको गभर्नर समेतलाई जनाउँछ ।

(ङ) "डेपुटी गभर्नर" भन्नाले ऐनको दफा १६ बमोजिम नियुक्त बैंकको डेपुटी गभर्नर सम्झनु पर्छ ।

(च) "नीति निर्देशन कार्यान्वयन समिति" भन्नाले नेपाल राष्ट्र बैंक, निरीक्षण तथा सुपरिबेक्षण विनियमावली २०५९ को नियम ३४ बमोजिम सम्वन्धित डेपुटी गभर्नरको संयोजकत्वमा गठित समितिलाई सम्झनु पर्छ ।

(छ) "सुपरिबेक्षण विभाग" भन्नाले राष्ट्र बैंकको बैंक सुपरिबेक्षण विभाग तथा वित्तीय संस्था सुपरिबेक्षण विभाग सम्झनु पर्छ ।

(ज) "बैंक/वित्तीय संस्था" भन्नाले राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था सम्झनु पर्छ ।

(झ) "कार्यकारी प्रमुख" भन्नाले बैंक तथा वित्तीय संस्थाको प्रशासकीय प्रमुखको रुपमा कामकाज गर्न नियुक्त व्यक्ति सम्झनु पर्छ ।

(ञ) "पुँजीकोष" भन्नाले राष्ट्र बैंकबाट तोकिएको प्राथमिक पुँजीकोष वा कुल पुँजीकोष लाई सम्झनु पर्छ ।

३. पुँजीकोष सम्बन्धी निर्देशनहरुको पालना नभएमा हुने सुधारात्मक कारवाहीहरुः इजाजतपत्रप्राप्त "क","ख" र "ग" वर्गका बैंक/वित्तीय संस्थाहरुले राष्ट्र बैंकले तोकेको न्युनतम पुँजीकोष कायम गर्न नसकेमा देहाय बमोजिमको सुधारात्मक कारवाहीहरु तत्काल गर्नु पर्नेछः-

(क) इजाजतप्राप्त संस्थाको पुँजीकोष, नेपाल राष्ट्र बैंकद्वारा तोकिएको न्युनतम पुँजीकोष अनुपातभन्दा दुई प्रतिशतसम्मको बिन्दुले कम भएमा -

(अ) सुधार कार्यक्रमहरु सम्बन्धमा बैंक/वित्तीय संस्थाको उच्च व्यवस्थापनसँग छलफल गरी छलफलका विषय बस्तुलाई अभिलेखको रुपमा राख्ने ।

(आ) बैंक/वित्तीय संस्थाको पुँजी वृद्धि (रि-क्यापिटलाइजेशन) गर्न पुँजी योजना माग गर्ने ।

(इ) लाभांश तथा बोनस सेयर घोषणा गर्न रोक लगाउने ।

(ई) नयाँ शाखा खोल्न रोक लगाउने ।

(उ) निक्षेप परिचालनको सीमा कायम गर्ने ।

(ख) इजाजत प्राप्त संस्थाको पुँजीकोष, नेपाल राष्ट्र बैंकद्वारा तोकिएको न्युनतम पुँजीकोष अनुपात भन्दा दुईदेखि चार प्रतिशतसम्मको बिन्दुले कम भएमा

(अ) खण्ड (क) बमोजिमका कारवाहीहरु गर्ने ।

(आ) कर्जा कारोबारको सीमा कायम गर्ने ।

(इ) खरिद वा लिज प्रक्रिया मार्फत थप स्थिर सम्पत्ति प्राप्त गर्नुपुर्व राष्ट्र बैंकको स्वीकृति लिनु पर्ने ।

(ई) निक्षेप परिचालन र कर्जा तथा सुविधा प्रवाहसँग सम्बन्धित नयाँ व्याबसायिक कृयाकलाप (विजनेस लाईन) सञ्चालन गर्नुपुर्व राष्ट्र बैंकको स्वीकृति लिनु पर्ने ।

(ग) इजाजत प्राप्त संस्थाको पुँजीकोष, नेपाल राष्ट्र बैंकद्वारा तोकिएको न्युनतम पुँजीकोष अनुपातभन्दा चारदेखि छ प्रतिशतसम्मको बिन्दुले कम भएमा

(अ) खण्ड (ख) बमोजिमका कारवाहीहरु गर्ने ।

(आ) थप निक्षेप खाता खोल्न प्रतिबन्ध लगाउने ।

(इ) कर्जा प्रवाहमा प्रतिबन्ध लगाउने ।

(ई) खरिद वा लिज प्रक्रिया मार्फत थप स्थिर सम्पत्ति प्राप्त गर्न प्रतिबन्ध लगाउने ।

(उ) राष्ट्र बैंकको पुर्व स्वीकृति बिना बैंक/वित्तीय संस्थाका सञ्चालक तथा कर्मचारीहरुलाई प्रोत्साहन भत्ता, संस्था छोड्दा दिने अन्य सुविधा वृद्धि, व्यवस्थापन शुल्क वा व्यवस्थापनको तजविजले दिन सक्ने अन्य क्षतिपूर्ति आदि प्रदान गर्न रोक लगाउने ।

(घ) इजाजत प्राप्त संस्थाको पुँजीकोष, नेपाल राष्ट्र बैंकद्वारा तोकिएको न्युनतम पुँजीकोष अनुपातभन्दा छदेखि आठ प्रतिशतसम्मको बिन्दुले कम भएमा

(अ) खण्ड (ग) बमोजिमका कारवाहीहरु गर्ने ।

(आ)तलब भत्ता तथा अन्य आर्थिक सुविधा वृद्धि, नयाँ कर्मचारी भर्ना तथा बढुवा गर्नमा रोक लगाउने ।

(इ) पुँजी पर्याप्तता सम्बन्धी कारवाही प्रारम्भ भएको मितिले छ महिनाभित्रमा तोकेका मापदण्ड अनुसारको पुँजीकोष कायम नभएमा बैंक/वित्तीय संस्थाका सञ्चालकहरु तथा कार्यकारी प्रमुखलाई ऐनको दफा १०० को उपदफा (२) बमोजिमका कारवाहीहरु गर्ने ।

(ङ) इजाजत प्राप्त संस्थाको पुँजीकोष, नेपाल राष्ट्र बैंकद्वारा तोकिएको न्युनतम पुँजीकोष अनुपातभन्दा आठ प्रतिशत वा बढी बिन्दुले कम भएमा -

(अ) खण्ड (घ) बमोजिमका कारवाहीहरु गर्ने ।

(आ) बैंक/वित्तीय संस्थालाई समस्याग्रस्त घोषणा गरी ऐनको दफा ८६ अनुरुपको कारवाही प्रारम्भ गर्ने ।

(इ) समस्याग्रस्त घोषणा गरेको छ महिनासम्ममा पनि पुँजीकोष पर्याप्त नभएमा बैंक/वित्तीय संस्थाको इजाजतपत्र रद्द गर्ने वा खारेजीको प्रक्रिया शुरु गर्ने ।

(ई) ऐन र/वा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ अनुरुपका अन्य आवश्यक कारवाहीहरु गर्ने ।

४. कारवाहीमा छुट हुने अवस्था: विनियम ३ अनुसारको सुधारात्मक कारवाहीहरु “क”,“ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुमा समान रुपमा लागू हुनेछ ।

तर विनियम ३ को खण्ड (घ) को उपखण्ड (आ) बाहेकका सुधारात्मक कारवाहीहरुमा देहायका अवस्थाहरुमा छुट प्रदान गर्न सकिनेछः-

(क) लक्षित रुपमा शाखा कार्यालयहरु स्थापना गर्नुपर्ने ग्रामीण ईलाकाहरुमा र प्रतिस्पर्धात्मक रुपमा बैंक तथा वित्तीय संस्था नभएका स्थानमा शाखा बिस्तार गर्न ।

(ख) नेपाल सरकारले अन्तर्राष्ट्रिय दातृ निकायहरुको सहयोग लिई राष्ट्र बैंक मार्फत पुनरसंरचनाको प्रक्रिया लागू गरेका बैंक तथा वित्तीय संस्थाहरुको हकमा ।

(ग) बैंक/वित्तीय संस्थाको व्यवस्थापन र सञ्चालनलाई राष्ट्र बैंकले प्रत्यक्ष नियन्त्रणमा लिई सुधारात्मक कारवाही सञ्चालन गरी रहेको अवस्थामा ।

(घ) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ६९, एवम् बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने वा गाभिने सम्बन्धी विनियमावली, २०६८ एवम् बैंक तथा वित्तीय संस्था प्राप्ति (एक्विजिसन) सम्वन्धी विनियमावली, २०७०* मा भएका प्रावधानहरू पुरा गरी एक आपसमा गाभ्ने/ गाभिने तथा प्राप्ति गर्ने सैद्धान्तिक सहमतिका लागि यस बैंकमा निवेदन प्राप्त हुन आएका बैंक तथा वित्तीय संस्थाहरूका हकमा ।

तर एक आपसमा गाभ्न/गाभिन एवम् प्राप्तिका लागि निवेदन दिने बैंक तथा वित्तीय संस्थाहरुको विद्यमान पुँजीकोष जोड्दा न्युनतम पुँजीकोष नपुग्ने संस्थाको हकमा यो छुट प्रदान हुने छैन । त्यसैगरी तोकिएको अवधिभित्र गाभ्ने/गाभिने/प्राप्ति सम्वन्धी कार्य सम्पन्न नगरेमा सो अवधि पश्चात् यो छुट स्वतः खारेज भएको मानिने छ । ♥

५. सुनुवाईको अवसरः विनियम ३ अन्तर्गत को कारवाही गर्दा सम्बन्धीत बैंक तथा वित्तीय संस्थाहरुलाई सुनुवाईको अवसर दिईने छ ।

६. कारवाही गर्ने अख्तियारी: (१) विनियम ३ को खण्ड (क) देखि (घ) सम्मका शिघ्र सुधारात्मक कारवाहीहरु सम्पन्न गर्ने अख्तियारी गभर्नरलाई हुनेछ । गभर्नरले यस अख्तियारी बमोजिम शिघ्र सुधारात्मक कारवाहीहरु सम्पन्न गर्दा नीति निर्देशन कार्यान्वयन समितिको सिफारिसमा कारवाहीको आवश्यक निर्णय गर्नेछन् ।

७. प्रत्यायोजित अख्तियारीको प्रयोगः यस विनियमावली बमोजिम प्रत्यायोजित अख्तियारीको प्रयोग गरी कार्य गर्दा सम्बन्धित पदाधिकारीले प्रचलित ऐन, नीति, नियम तथा राष्ट्र बैंकले जारी गरेका निर्देशनहरुको अधिनमा रही गर्नु पर्नेछ ।

८. काम कारवाहीको विवरण पेश गर्नुपर्ने: विनियम ५ बमोजिमका काम कारवाहीको विवरण त्रैमासिक रुपमा समितिको जानकारीको लागि पेश गर्नु पर्नेछ ।

९. विनियमावलीको व्याख्या तथा संशोधनः (१) यस विनियमावलीको कार्यान्वयनको क्रममा कुनै द्विविधा उत्पन्न भएमा सोको व्याख्या समितिले गर्नेछ र समितिले गरेको व्याख्या अन्तिम हुनेछ ।

(२) यस विनियमावलीमा कुनै संशोधन गर्नु परेमा समितिले संशोधन गर्नेछ ।

१०. बाधा अड्चन फुकुवा: यस विनियमावलीको कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आएमा सो बाधा अड्चन फुकाउने अधिकार गभर्नरलाई हुनेछ ।

---

♥संचालक समितिको ४५/२०६८ औं (मिति २०६८/१२/१४ तथा १/२०६९ औं (मिति २०६९/०१/०५ को बैठकबाट थप गरिएको ।

*संचालक समितिको ६१/२०७२ औं (मिति २०७२/०९/०८) को बैठकबाट थप गरिएको ।

११. बाझिएमा निष्क्रिय हुने: यस विनियमावलीका व्यवस्थाहरु नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ र सो अन्तर्गत बनेका नियमहरुसँग बाझिएमा बाझिएको हदसम्म स्वत: निष्क्रिय हुनेछ ।

१२. बचाऊ: यस विनियमावली लागू हुनुपुर्व बैंक तथा वित्तीय संस्थाको सुधारात्मक कारवाहीको सन्दर्भमा भए गरेका काम कारवाही यसै विनियमावली बमोजिम भए गरेको मानिने छ ।